# नेपाल राष्ट्र बैंक

## अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७५/७६ को सात महिनाको तथ्याङ्कमा आधारित)*

### प्रमुख झलक

- *वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ४.४ प्रतिशत रहेको छ भने सात महिनाको औसत मुद्रास्फीति ४.२ प्रतिशत रहेको छ ।*
- *आयातको वृद्धिदर २६.० प्रतिशत र निर्यातको वृद्धिदर ११.५ प्रतिशत रहेको छ ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २८.५ प्रतिशत र अमेरिकी डलरमा १६.० प्रतिशतले बढेको छ ।*
- *शोधनान्तर स्थिति रु.४९ अर्ब ३२ करोडले घाटामा रहेको छ ।*
- *बैंकिङ्ग कारोबारमा आधारित सरकारी खर्च ३.१ प्रतिशतले घटेको र राजस्व संकलन २२.१ प्रतिशतले बढेको छ ।*
- *विस्तृत मुद्राप्रदाय ७.५ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १९.२ प्रतिशतले बढेको छ ।*
- *बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप संकलन ८.७ प्रतिशतले र निजी क्षेत्रतर्फको कर्जा १४.० प्रतिशतले बढेको छ । वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर २१.३ प्रतिशत र कर्जाको वृद्धिदर २३.० प्रतिशत रहेको छ ।*

## मुद्रास्फीति


### उपभोक्ता मुद्रास्फीति

१. २०७५ माघ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.० प्रतिशत रहेको थियो ।

### खाद्य तथा पेय पदार्थ मुद्रास्फीति

२. २०७५ माघ महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त समूहको मुद्रास्फीति ४.० प्रतिशत रहेको थियो ।

चार्ट १: उपभोक्ता मुद्रास्फीति (माघ)




तालिका १: खाद्य तथा पेय पदार्थको वार्षिक बिन्दुगत मुद्रास्फीति (माघ)

| विवरण | मुद्रास्फीति (प्रतिशत) | |
|---|---|---|
| | २०७४/७५ | २०७५/७६ |
| **खाद्य तथा पेय पदार्थ मुद्रास्फीति** | ४.० | २.५ |
| १. तरकारी | २५.५ | (११.७) |
| २. दलहन तथा गेडागुडी | (२७.०) | (३.९) |
| ३. चिनी तथा चिनीजन्य पदार्थ | (२.५) | (२.७) |

### गैर-खाद्य तथा सेवा मुद्रास्फीति

३. २०७५ माघ महिनामा गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ५.८ प्रतिशत नै रहेको थियो ।

| तालिका २: गैर-खाद्य तथा सेवाको वार्षिक बिन्दुगत मुद्रास्फीति (माघ) | | |
|---|---|---|
| विवरण | मुद्रास्फीति (प्रतिशत) | |
| | २०७४/७५ | २०७५/७६ |
| **गैर-खाद्य तथा सेवा मुद्रास्फीति** | **५.८** | **५.८** |
| १. लुगा तथा जुत्ता | ६.२ | ७.० |
| २. घरायसी सेवा तथा उपकरण | ८.२ | ७.४ |
| ३. यातायात | १.५ | ६.७ |

### क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

४. २०७५ माघ महिनामा उपभोक्ता मुद्रास्फीति हिमालमा ५.३ प्रतिशत, काठमाडौं उपत्यकामा ५.२ प्रतिशत, पहाडमा ४.९ प्रतिशत र तराईमा ३.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति क्रमशः ५.४ प्रतिशत, ४.० प्रतिशत, ५.१ प्रतिशत र ५.६ प्रतिशत रहेको थियो ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति

५. २०७५ माघ महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.४ प्रतिशत र भारतको २.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपालको मुद्रास्फीति ५.० प्रतिशत र भारतको ४.४ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

६. २०७५ माघ महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ५.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति २.२ प्रतिशत रहेको थियो । पेट्रोलियम पदार्थ, तयारी पोशाक, यातायात तथा उपकरण र पार्टस् लगायतका वस्तुहरूको मूल्यमा भएको वृद्धिले थोक मुद्रास्फीति बढ्न गएको हो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क


७. समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ११.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ६.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क ६.६ प्रतिशत र ज्यालादर सूचकाङ्क १२.६ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

८. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा कुल वस्तु निर्यात ११.५ प्रतिशतले वृद्धि भई रु.५३ अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १२.९ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ २१.१ प्रतिशत र अन्य मुलुकतर्फ १.४ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फ ३१.१ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा पोलिष्टर यार्न, जस्तापाता, दलहन, जडीबुटी, ऊनी गलैंचा, जूटका सामान लगायतका वस्तुको निर्यात बढेको छ भने अलैची, छाला, रोजिन, जुत्ता तथा चप्पल, आयुर्वेदिक औषधी लगायतका वस्तुहरुको निर्यात घटेको छ ।

चार्ट २: वैदेशिक व्यापार (सात महिना)




९. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा कुल वस्तु आयात २६ प्रतिशतले बढेर रु.८३३ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १८.९ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका

आधारमा भारतबाट भएको आयात २४.८ प्रतिशत, चीनबाट भएको आयात ३६.६ प्रतिशत र अन्य मुलुकबाट भएको आयात २३.२ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, एम.एस. बिलेट, हवाईजहाज तथा पार्टपुर्जा, तयारी पोशाक, अन्य मेशिनरी तथा पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने दूरसञ्चारका उपकरण तथा पार्टपुर्जा, सिमेन्ट, कच्चा भटमासको तेल, स्वास्थ्य उपकरण तथा औजार, सुपारी लगायतका वस्तुहरुको आयात घटेको छ ।

१०. भन्सार नाकाका आधारमा निर्याततर्फ रसुवा भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालय र सुख्खा बन्दरगाह भन्सार कार्यालयहरु बाहेकका भन्सार नाकाहरूबाट भएको निर्यातमा वृद्धि भएको छ । त्यसैगरी, कन्चनपुर भन्सार कार्यालयबाट भएको आयात घटेको छ भने अन्य सबै नाकाहरुबाट भएको आयातमा वृद्धि भएको छ ।

११. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा कुल वस्तु व्यापार घाटा २७.१ प्रतिशतले विस्तार भई रु.७८० अर्ब १९ करोड पुगेको छ । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ६.४ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो अनुपात ७.२ प्रतिशत रहेको थियो ।

**निर्यात आयात मूल्य सूचकाङ्क**

१२. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा ३.० प्रतिशत र आयात मूल्य सूचकाङ्क ४.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सात महिनामा ५.० प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) समीक्षा महिनामा १.१ प्रतिशतले घटेको छ ।

**सेवा**

१३. समीक्षा अवधिमा खुद सेवा आय रु.१० अर्ब ७८ करोडले घाटामा गएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.२ अर्ब ९६ करोडले घाटामा रहेको थियो ।

१४. सेवा खाता अन्तर्गत पर्यटन आय समीक्षा अवधिमा ११.१ प्रतिशतले वृद्धि भई रु.४१ अर्ब ९७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आय रु.३७ अर्ब ७८ करोड रहेको थियो ।

१५. सेवा खाता अन्तर्गत पर्यटन व्यय समीक्षा अवधिमा २६.८ प्रतिशतले वृद्धि भई रु.५४ अर्ब ९६ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको खर्च रु.२८ अर्ब ६६ करोड रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा पर्यटन व्यय रु.४३ अर्ब ३५ करोड रहेको थियो ।

**विप्रेषण आप्रवाह**

१६. समीक्षा अवधिमा विप्रेषण आप्रवाह २८.५ प्रतिशतले वृद्धि भई रु.५१५ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १.७ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १६.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ६.४ प्रतिशतले बढेको थियो ।

१७. समीक्षा अवधिमा खुद ट्रान्सफर आय २७.३ प्रतिशतले वृद्धि भई रु.५८६ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ३ प्रतिशतले घटेको थियो ।

१८. अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या समीक्षा अवधिमा ३९.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ४.९ प्रतिशतले घटेको थियो । साथै, पुनः श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या

समीक्षा अवधिमा ४.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १.६ प्रतिशतले घटेको थियो ।


**चालु खाता एवम् शोधनान्तर स्थिति**

१९. समीक्षा अवधिमा चालु खाता घाटा विस्तार भई रु.१६६ अर्ब २४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा रु.१४२ अर्ब ९ करोड रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सात महिनामा १ अर्ब ३८ करोड रहेको चालु खाता घाटा समीक्षा अवधिमा १ अर्ब ४६ करोड पुगेको छ ।

२०. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.४९ अर्ब ३२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.१८ अर्ब २८ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा शोधनान्तर स्थिति अघिल्लो वर्षको सात महिनासम्ममा १७ करोड ९१ लाखले घाटामा रहेकोमा समीक्षा अवधिमा ४३ करोड ३० लाखले घाटामा रहेको छ ।

२१. समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु.७ अर्ब ४३ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु.५ अर्ब १५ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु.१० अर्ब ६४ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु.१४ अर्ब ३४ करोड रहेको थियो ।

**विदेशी विनिमय सञ्चिति**




२२. कुल विदेशी विनिमय सञ्चिति २०७५ असार मसान्तमा रु.११०२ अर्ब ५९ करोड रहेकोमा २०७५ माघ मसान्तमा रु.१०७८ अर्ब ३६ करोड कायम भएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७५ असार मसान्तमा १० अर्ब ८ करोड रहेकोमा २०७५ माघ मसान्तमा ९ अर्ब ४९ करोड रहेको छ ।

२३. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७५ असार मसान्तमा रु.९८९ अर्ब ४० करोड रहेकोमा २०७५ माघ मसान्तमा रु.९३७ अर्ब ३५ करोड रहेको छ । बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७५ असार मसान्तमा रु.११३ अर्ब १९ करोड रहेकोमा २०७५ माघ मसान्तमा रु.१४१ अर्ब पुगेको छ । २०७५ माघ मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ प्रतिशत रहेको छ ।

**सञ्चिति पर्याप्तता सूचकहरू**

२४. आर्थिक वर्ष २०७५/७६ को सात महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ९.२ महिनाको वस्तु आयात र ८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ३५.९ प्रतिशत, ६६.९ प्रतिशत र ३२.४ प्रतिशत रहेका छन् । २०७५ असार मसान्तमा यी अनुपातहरू क्रमशः ३६.७ प्रतिशत, ७८.६ प्रतिशत र ३५.६ प्रतिशत रहेका थिए ।

**कच्चा पेट्रोलियम एवम् सुनको मूल्य**


२५. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७४ माघ मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६२.२० रहेकोमा २०७५ माघ मसान्तमा ०.६ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ६२.५८ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०७४ माघ मसान्तमा प्रति आउन्स अमेरिकी डलर १३२२.३०

रहेकोमा २०७५ माघ मसान्तमा ०.९ प्रतिशतले कमी आई प्रति आउन्स अमेरिकी डलर १३१० कायम भएको छ ।

### विनिमय दर

२६. २०७५ असार मसान्तको तुलनामा २०७५ माघ मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ३.७ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दर ०.१ प्रतिशतले अधिमूल्यन भएको थियो । २०७५ माघ मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.११३.५८ पुगेको छ । २०७५ असार मसान्तमा उक्त विनिमय दर रु.१०९.३४ रहेको थियो ।

## सरकारी वित्त स्थिति*




### वित्त घाटा/बचत

२७. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा बैंकिङ कारोबारमा आधारित सरकारको वित्त स्थिति रु.५७ अर्ब ७४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रु.२६ अर्ब ४७ करोडले घाटामा रहेको थियो ।

### सरकारी खर्च तथा राजश्व


२८. समीक्षा अवधिमा बैंकिङ्ग कारोबारमा आधारित संघीय सरकारको कुल खर्च रु.४१५ अर्ब ५१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सरकारी खर्च रु.४२८ अर्ब ८८ करोड रहेको थियो ।

२९. समीक्षा अवधिमा संघीय सरकारले संकलन गरेको राजस्व (प्रदेश तथा स्थानीय तहमा बाँडफाँड हुने रकम समेत) २२.१ प्रतिशतले वृद्धि भई रु.४६५ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारको कुल राजस्व १९.५ प्रतिशतले वृद्धि भई रु.३८१ अर्ब ३४ करोड पुगेको थियो ।

### सरकारको नगद मौज्दात

३०. २०७५ माघ मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खाताहरुमा रु.१७९ अर्ब ७५ करोड (स्थानीय तहको खातामा रहेको रु.५० अर्ब ५२ करोड समेत) नगद मौज्दात रहेको छ ।

## मौद्रिक स्थिति




### मुद्राप्रदाय

३१. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा विस्तृत मुद्राप्रदाय ७.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.७ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७५ माघ मसान्तमा विस्तृत मुद्राप्रदाय १९.२ प्रतिशतले बढेको छ ।


---

* नेपाल राष्ट्र बैंकको बैंकिङ्ग कार्यालय, सरकारी कारोबार गर्ने वाणिज्य बैंकहरु तथा जिल्लास्थित ८१ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरू र भुक्तानी केन्द्रहरूबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

३२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.४९ अर्ब ३२ करोड (४.७ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.१८ अर्ब २८ करोड (१.८ प्रतिशत) ले घटेको थियो ।

३३. समीक्षा अवधिमा सञ्चित मुद्रा १३.४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ५.२ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७५ माघ मसान्तमा सञ्चित मुद्रा १.३ प्रतिशतले घटेको छ ।

**चार्ट ६: निक्षेप तथा कर्जा वृद्धिदर (सात महिना)**




**कुल आन्तरिक कर्जा**

३४. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा १०.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ९.२ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७५ माघ मसान्तमा यस्तो कर्जा २७.८ प्रतिशतले बढेको छ ।

३५. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १४.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १४.१ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७५ माघ मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी २२.८ प्रतिशतले बढेको छ ।

**निक्षेप संकलन**

३६. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ८.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ६.८ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७५ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २१.३ प्रतिशतले बढेको छ ।

**तालिका ३: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | | माघ मसान्त | |
|---|---|---|---|---|---|
| | २०७३ | २०७४ | २०७५ | २०७४ | २०७५ |
| चल्ती | ९.१ | ८.७ | ९.३ | ८.२ | ८.७ |
| बचत | ४३.३ | ३५.४ | ३४.५ | ३६.६ | ३३.५ |
| मुद्दती | ३०.५ | ४३.२ | ४४.८ | ४३.९ | ४७.६ |
| अन्य | १७.० | १२.७ | ११.३ | ११.३ | १०.२ |

३७. २०७५ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.७ प्रतिशत, ३३.५ प्रतिशत र ४७.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ८.२ प्रतिशत, ३६.६ प्रतिशत र ४३.९ प्रतिशत रहेको थियो ।

३८. २०७५ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४४.८ प्रतिशत रहेको छ। २०७४ माघ मसान्तमा यस्तो निक्षेपको अंश ४४.० प्रतिशत रहेको थियो ।

**कर्जा प्रवाह**

३९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १४.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १३.५ प्रतिशतले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कर्जा १३.१ प्रतिशतले, विकास बैंकहरुको २१.८ प्रतिशतले र वित्त कम्पनीहरुको ११.८ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७५ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २३.० प्रतिशतले बढेको छ ।

४०. २०७५ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६३.४ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.५ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७४ माघ मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६१.५ प्रतिशत र १४.६ प्रतिशत रहेको थियो ।

४१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित आवधिक कर्जा १९.० प्रतिशतले, ओभरड्राफ्ट कर्जा १०.३ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा १९.२ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा १८.६ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ७.० प्रतिशतले तथा हायर पर्चेज कर्जा ७.५ प्रतिशतले बढेको छ ।

**तरलता व्यवस्थापन**

४२. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा खुलाबजार कारोबारका विभिन्न उपकरणहरुमार्फत् पटक-पटक गरी कुल रु.१०० अर्ब ३५ करोड तरलता प्रशोचन गरिएको छ । यस अनुसार निक्षेप संकलन बोलकबोलमार्फत् रु.७९ अर्ब ६५ करोड र रिभर्स रिपोमार्फत् रु.२० अर्ब ७० करोड प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.१३० अर्ब २५ करोड तरलता प्रशोचन भएको थियो ।

४३. समीक्षा अवधिमा खुलाबजार कारोबार अन्तर्गत रिपोमार्फत् पटक-पटक गरी कुल रु.२१ अर्ब ३ करोड तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु.९० अर्ब ४० करोड तरलता प्रवाह भएको थियो ।

४४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले रु.६ अर्ब ७२ करोड स्थायी तरलता सुविधा उपयोग गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा रु.२४ अर्ब ८ करोड यस्तो सुविधा उपयोग भएको थियो ।

४५. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब ७२ करोड खूद खरिद गरी रु.१९७ अर्ब ६६ करोड खूद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ३० करोड खूद खरिद गरी रु.२३६ अर्ब ६५ करोड खूद तरलता प्रवाह गरिएको थियो ।

४६. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ४८ करोड, यूरो २ करोड ८० लाख, पाउण्ड स्टर्लिङ्ग २ करोड, जापानी येन १८ अर्ब र चिनीयाँ युआन २० करोड बिक्री गरी रु.३११ अर्ब ५ करोड बराबरको भारतीय रुपैँया खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ७२ करोड र यूरो ४ करोड बिक्री गरी रु.२८४ अर्ब ७९ करोड बराबरको भारतीय रुपैँया खरिद भएको थियो ।

**पुनरकर्जा**

४७. उत्पादनशील क्षेत्रतर्फ कर्जा लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा बढेको छ । २०७५ माघ मसान्तसम्ममा यस बैंकको रु.१७ अर्ब ७० करोड पुनरकर्जा लगानीमा रहेको छ ।

४८. भूकम्प पीडितहरुलाई आवासीय घर निर्माणको लागि सहुलियतपूर्ण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइएको पुनरकर्जाको बक्यौता २०७५ माघ मसान्तमा रु.२ अर्ब ६८ करोड रहेको छ । यस्तो कर्जा १५७६ जना ऋणीले उपयोग गरेका छन् ।

४९. २०७५ माघ मसान्तसम्ममा नेपाल सरकारबाट ५ प्रतिशत ब्याज अनुदानमा प्रवाह गरिने कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा १०,४८७ जना ऋणीले उपयोग गरेका छन् । यस अन्तर्गत रु.१८ अर्ब ६४ करोड कर्जा बक्यौता रहेको छ भने रु.८८ करोड ५५ लाख ब्याज अनुदान प्रदान गरिएको छ ।

**अन्तर-बैंक कारोबार**

५०. आर्थिक वर्ष २०७५/७६ को सात महिनामा वाणिज्य बैंकहरुले रु.८६० अर्ब ७६ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु.१६५ अर्ब ५६ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरुले क्रमशः रु.६९४ अर्ब १६ करोड र रु.१४ अर्ब ३८ करोड कारोबार गरेका थिए ।

**ब्याजदर**

५१. २०७४ माघमा ९१-दिने ट्रेजरी विल्सको भारित औसत ब्याजदर ३.९३ प्रतिशत रहेकोमा २०७५ माघमा ३.४४ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७४ माघको ४.३१ प्रतिशतको तुलनामा २०७५ माघमा ५.८२ प्रतिशत कायम भएको छ । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७४ माघको १०.१९ प्रतिशतको तुलनामा २०७५ माघमा ९.६९ प्रतिशत कायम भएको छ । २०७५ माघमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ६.६७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.३४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यी दरहरु क्रमशः ६.३८ प्रतिशत र ११.९० प्रतिशत रहेका थिए ।

**मर्जर/ प्राप्ति**

५२. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७५ माघ मसान्तसम्म कुल १६४ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १२२ वटा संस्थाहरुको इजाजत खारेज हुन गई कुल ४२ संस्था कायम भएका छन् ।

**वित्तीय पहुँच**

५३. ७५३ स्थानीय तहमध्ये २०७५ माघसम्म ७११ तहहरुमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् (तालिका ४) ।

५४. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७५ असार मसान्तमा १५१ रहेकोमा २०७५ माघ मसान्तमा १५७ पुगेको छ (तालिका ५) । यस अनुसार २०७५ माघ मसान्तमा २८ वाणिज्य बैंक, ३३ विकास बैंक, २४ वित्त कम्पनी र ७२ लघुवित्त वित्तीय संस्थाहरु संचालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७५ असार मसान्तमा ६६५१ रहेकोमा २०७५ माघ मसान्तमा ७७३१ पुगेको छ ।


**तालिका ४: २०७५ माघसम्म वाणिज्य बैंकहरुको उपस्थिति भएका स्थानीय तह**

| प्रदेश | स्थानीय तहको संख्या | शाखा पुगेका स्थानीय तह |
|---|---|---|
| प्रदेश १ | १३७ | १२९ |
| प्रदेश २ | १३६ | १३३ |
| प्रदेश ३ | ११९ | ११४ |
| गण्डकी | ८५ | ८२ |
| प्रदेश ५ | १०९ | १०७ |
| कर्णाली | ७९ | ६४ |
| सुदूर पश्चिम | ८८ | ८२ |
| **कुल** | **७५३** | **७११** |

| तालिका ५: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या* | | | | |
|---|---|---|---|---|
| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | |
| | २०७५ असार मसान्त | २०७५ माघ मसान्त | २०७५ असार मसान्त | २०७५ माघ मसान्त |
| वाणिज्य बैंक | २८ | २८ | ३०२३ | ३२६६ |
| विकास बैंक | ३३ | ३३ | ९९३ | ११८१ |
| वित्त कम्पनी | २५ | २४ | १८६ | १९७ |
| लघुवित्त वित्तीय संस्था | ६५ | ७२ | २४४९ | ३०८७ |
| **जम्मा** | **१५१** | **१५७** | **६६५१** | **७७३१** |

*यस सम्बन्धी विस्तृत विवरण http://emap.nrb.org.np/ मा छ ।

## पूँजी बजार



चार्ट ७: नेप्से परिसूचक (२०७४/७५-२०७५/७६)

५५. २०७४ माघ मसान्तमा १३८०.३ बिन्दु रहेको नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा १८.३ प्रतिशतले ह्रास आई २०७५ माघ मसान्तमा ११२८.२ बिन्दुमा रहेको छ । २०७५ असार मसान्तमा नेप्से सूचकाङ्क १२१२.४ बिन्दु कायम भएको थियो ।

५६. धितोपत्र बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १४.७ प्रतिशतले ह्रास आई २०७५ माघ मसान्तमा रु.१३७७ अर्ब १५ करोड कायम भएको छ । बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा २०७४ माघ मसान्तमा १०.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिको बजार पूँजीकरणको अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४५.८ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ६२.१ प्रतिशत रहेको थियो ।

५७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७५ माघ मसान्तमा २०३ रहेको छ । सूचीकृत कम्पनीमध्ये १४९ वटा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीका रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, २४ वटा जलविद्युत् कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र ४ वटा अन्य समूहका रहेका छन् ।

५८. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत शेयरहरूको चुक्ता मूल्य २०७५ माघ मसान्तमा रु.३८७ अर्ब ६९ करोड रहेको छ । आर्थिक वर्ष २०७५/७६ को सात महिनामा रु.१५ अर्ब ९ करोड बराबरको साधारण शेयर रु.७ अर्ब ३९ करोड बराबरको हकप्रद शेयर, रु.६ अर्ब ६५ करोड बराबरको बोनस शेयर गरी कुल रु.२९ अर्ब १३ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।